# मार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १०    संख्याः२    मितिः २०८२/०६/०२

भाग – २

# मार्मा गाउँपालिकाको आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०६/०२
प्रमाणीकरण मितिः २०८२/०६/०३
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८२/०६/०३

मार्मा गाउँपालिकाको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना**: मार्मा गाउँपालिका भित्र स्वास्थय सेवा बाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन, उपलब्ध श्रोत र साधनको समुचित प्रयोग गरि स्थानीय सरकार संचालन ऐन तथा नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रत्याभुत गरेको स्वास्थय सम्बन्धि अधिकारहरुलाई कार्यान्वयन गर्न गाउँपालिका बाट उपलब्ध हुने आधारभुत स्वास्थ्य सेवालाई सहज,प्रभावकारी व्यवस्थित र गुणस्तरीय बनाउन गाउँपालिकाले स्थापना गरेको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार निर्धारण गर्न वान्छनीय भएकोले गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**:

क) यो कार्यविधिको नाम "**मार्मा गाउँपालिकाको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८२**" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिका बाट पारित भएको मिति देखि लागु हुने छ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) " अस्पताल " भन्नाले मार्मा गाउँपालिकाले संचालन गरेको १० शैयाको आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

ख) " अध्यक्ष " भन्नाले मार्मा आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

ग ) " अस्पताल प्रमुख " भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबै भन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारी सम्झनु पर्छ. ।

घ) " कार्यपालिका " भन्नाले मार्मा गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ङ) " कार्यविधि " भन्नाले मार्मा आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ सम्झनु पर्छ ।

च) " संयोजक " भन्नाले स्थायी कर्मचारीहरु मध्ये बाट समितिले गाउँपालिका र अन्य निकायहरू संग समन्वय ,पत्राचार आदि कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

छ) " चिकित्सक तथा स्वास्थ्यकर्मी " भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषद बाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

ज) " गाँउपालिका " भन्नाले मार्मा गाउँपालिका सम्झनु पर्छ ।

झ) " गाउँपालिका क्षेत्र " भन्नाले मार्मा गाउँपालिका भित्रका सम्पुर्ण वडाहरूको भू-भाग सम्झनु पर्छ ।

ञ) " पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष , उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारी सम्झनु पर्छ ।

ट) " समिति " भन्नाले दफा ३ बमोजिम गठित मार्मा आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

ठ) " स्वास्थ्य शाखा " भन्नाले मार्मा गाउँपालिकाको स्वास्थय शाखा लाई सम्झनु पर्छ ।

ड) " जनशक्ति " भन्नाले मार्मा आधारभूत अस्पतालमा कार्यरत चिकित्सक,स्वास्थ्यकर्मी तथा अन्य सेवा प्रदायक कर्मचारी सम्झनु पर्छ।

ढ) " गाउँसभा " भन्नाले मार्मा गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

ण) " संरक्षक " भन्नाले मार्मा गाउँपालिका प्रमुख लाई सम्झनु पर्दछ ।

त) " कोष " भन्नाले आधारभूत अस्पताल समितिको कोषलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## अस्पताल व्यवस्थापन समितिको गठन तथा संचालन

### ३.समितिको गठनः

१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति रहने छ ।

गाउँपालिका प्रमुख संरक्षक

क) अस्पताल रहेको वडाको वडा अध्यक्षः  अध्यक्ष

ख) अध्यक्षले मनोनित गरेको एक जनाः उपाध्यक्ष

ग) सामाजिक विकास समिति संयोजकः  सदस्य

घ) स्वास्थ्य क्षेत्रमा क्रियासिल स्थानीय स्वास्थ्य क्षेत्रको विज्ञ मध्ये संरक्षकले तोकेको कम्तिमा एक दलित महिला सहित दुई जनाः  सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृतः  सदस्य

च) आधारभूत अस्पताल रहेको क्षेत्रको विद्यालयका प्रधानाध्यापक मध्ये संरक्षकले मनोनयन गरेको एक जनाः सदस्य

छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखः सदस्य

ज) स्थानीय व्यापार संघको प्रतिनिधि ( सम्भव भए सम्म महिला ) एक जनाः सदस्य

झ) किशोरकिशीरीहरू मध्ये बाट छनौट भएको (किशोरीलाई प्राथमिकता हुने गरि ) एक जनाः सदस्य

ञ) आधारभूत अस्पताल प्रमुखः  सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका बिषय विज्ञ ,शिक्षक ,बुद्धिजिबी, जनप्रतिनिधि तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

**४. पदावधिः**

समितिका पदाधिकारीको पदावधि नियुक्ति भएको मितिले पाँच बर्षको हुनेछ तर पदाधिकारीको पदावधि बाँकी रहदै स्थानिय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

**५.पदावधि रिक्त हुनेः** निम्न अवस्थामा पदाधिकारीहरूको पद रिक्त हुनेछ ।

क) मृत्यु भएमा

ख) राजिनामा दिएमा

ग) बिना सुचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा

घ) फौजदारी अभियोग प्रमाणित भएमा

ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा

**६. काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकार बाट जारी गरिएको  आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

ख) अस्पताल बाट गुणस्तरीय, प्रभावकारी एवं दिगो सेवा प्रवाहको लागि स्वास्थ्यको उन्नती र विकासको सन्दर्भमा आवश्यक नीति ,योजना ,कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने गराउने ।

ग) अस्पतालको नियमित संचालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने बार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

घ) अस्पताल बाट प्रवाह भएका सेवाहरुको नियमित अनुगमन र समिक्षा गरि सेवाको निरन्तर रुपमा गुणस्तर अभिबृदि गर्न आवश्यक निर्णय लिने ।

ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धि राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने ।

च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता,क्षमता विकास एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने ,अस्पतालको जनशक्ति ,सेवा ,शर्त पारिश्रमिक र अन्य सुविधाका सम्बन्धमा कार्यपालिका लाई सिफारिस गर्ने ।

छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव श्रोत व्यवस्थापन सम्बन्धि कार्य गर्ने तथा स्वास्थ्य प्रदायक र स्वास्थयकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

ज) स्वास्थ्य सेवाको पहुँच बाट बन्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवा पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने ।

झ) भूगोल,अल्पसंख्यक,जनजाति,जेष्ठ नागरिक,विपन्न वर्ग,अपाङ्गता भएका, बालबालिका, किशोरकिशोरी, महिला समुह समेतलाई मध्यनजर गरि अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरि कार्यान्वयन गर्ने ।

ञ) स्वास्थ्य बिमा कार्यक्रम, खोप कार्यक्रम,बालस्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कार्यान्वयनको आवश्यकताको प्रवन्ध मिलाउने ।

ट) अति विपन्न,असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

ठ) अस्पतालको भौतिक सम्पतिको एकिन तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको व्यवस्थापन गर्ने ।

ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरि तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

ण) स्वास्थ्य सेवामा सुशासन,जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गरि सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहजिकरण गर्ने ।

त) विद्युतिय स्वास्थ्यको अवधारणा कार्यान्वयनको लागि गाउँपालिका अन्तर्गतका सामाजिक विकास समिति र स्वास्थ्य शाखा सँग आवश्यक समन्वय गर्ने ।

थ) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितीबारे पुनरावलोकन गरी जनस्वास्थयका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायहरुमा पठाउने ।

द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरु संग आवश्यक समन्वय गर्ने गराउने ।

न) अस्पतालको संचालनका लागि गाउँपालिकाले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने गराउने ।

प) अस्पताल बाट सेवा प्रवाहको क्रमका आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

फ ) नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन,जनस्वास्थ्य सेवा ऐन,स्थानीय स्वास्थ्य सेवा ऐन लगायत प्रचलित कानुन र नीति बमोजिम स्वास्थ्य सम्बन्धि स्थानीय तहको एकल तथा साझा अधिकारहरु कार्यान्वयनका लागि व्यवस्थापन,समन्वय र सहयोग गर्ने ।

ब) संघ,प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरु संन्चालन गर्ने ।

भ ) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

७. समितिको बैठक र संचालन विधिः

१. समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुई महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्ने छ तर आवश्यक परेको खण्डमा सदस्य सचिवले समितिको अध्यक्ष संग परामर्स गरि आवस्यकतानुसार बैठक बस्न सक्ने छ ।

२. समितिका सदस्यहरुको बहुमतको उपस्थितीमा भएको बैठक गणपुरक संख्या पुगेको मानिने छ ।

३ .समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमत बाट हुनेछ ।कुनै बिषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउने छन तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन्।

४. समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितीमा उपाध्यक्षको अध्यक्षतामा बैठक संन्चालन हुने छ ।

५. बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्ने छ ।

६. समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्ने छ ।

## परिच्छेद -३

## कोष तथा लेखा परीक्षण

८.अस्पतालको कोषः

१. अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहने छ ।

२. उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन।यस कोष बाट संस्थाको खर्च व्यहोरिने छ ।

क) नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त रकम

ख) गाउँपालिका बाट प्राप्त रकम

ग) व्यवस्थापन समितिको पहल बाट प्राप्त रकम

घ) अस्पतालले संन्चालन गरेको सेवा शुल्क वाफत प्राप्त रकम

ङ) बैदेशिक अनुदान ,संघ संस्था वा व्यक्ति बाट प्राप्त अनुदान वा सहयोग रकम

च) कुनै व्यक्ति,स्वदेशी विदेशी दाता, गुठी वा संस्था बाट प्राप्त रकम

छ) अस्पतालको आम्दानी बाट प्राप्त रकम

प्रमुख प्रशासकीय अधिकृत

ज) अन्य श्रोतबाट प्राप्त रकम

३. उपनियम (२) को खण्ड (ङ) बमोजिमको रमक प्राप्त गर्नु अगाडि प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्ने छ ।

४. अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्ने छ ।

५. समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोष बाट हुनेछ ।

६. समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरि आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको उपयोग गर्न सक्नेछ ।

## ९. कोष तथा खाता संन्चालन:

क) आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको आफ्नै नाममा बैंक खाता खोलिने छ ।यसरी खोलिने खाता समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षर बाट संचालन हुने छ ।

ख) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

ग) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्ने स्वीकृति प्राप्त बैंकमा हुनेछ ।साथै सो खाता प्रचलित कानुन बमोजिम संचालन हुनेछ ।

घ) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व,जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता संचालन गर्ने अधिकार प्राप्त कर्मचारीको हुने छ।

ङ) अस्पतालको आम्दानी र खर्चको अभिलेख ,आम्दानी र खर्च सम्बन्धि कार्यविधि,लेखाको अभिलेखको सिदान्त आर्थिक विवरण तयारी,सम्पत्तिको अभिलेख तथा जिन्सी व्वस्थापन,आयव्यय तथा सम्पतिको विवरण तयारी,आन्तरिक लेखा परिक्षणको सिद्धान्त,बेरुजु अभिलेख,बेरुजु फच्यौंट लगायतका बिषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धि कानून बमोजिम हुनेछ ।

च) अस्पताललाई आवश्यक पर्ने निर्माण,मालसामान,परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धि व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१०. लेखा परिक्षणः

१. समितिले तोकिए बमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गरिने छ ।

२. सम्भव भए सम्म आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण बाट हुनेछ ।

३. समितिको अन्तिम लेखा परीक्षण तोकिएका लेखा परिक्षक बाट हुने छ ।

**११.बैठक भत्ताः** समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य खर्च गाउँपालिकाको आर्थिक नियमावली बमोजिम समितिको कोष बाट व्यहोरिने छ।

**१२. सेवा शुल्क सम्बन्धी व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । नियमानुसार निःशुल्क भनि तोकिएका सेवाहरूमा शुल्क लिन पाईने छैन ।

**परिच्छेद - ४**

**जनशक्ति,औषधि तथा उपकरणको व्यवस्थापन**

१३. जनशक्ति व्यवस्थापनः

१ ) अस्पतालमा नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकाले दरबन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका जनशक्ति रहने छन ।

क) स्थायी - नेपाल सरकारको स्वास्थ्य सेवा बाट समायोजन भई आएका जनशक्ति र लोक सेवा आयोगबाट पदपुर्ति हुने स्थायी जनशक्ति

ख) करार- करार सेवामा भर्ना गरिएका जनशक्ति

ग) अभ्यासकर्ता- छात्रवृत्रि प्राप्त गरि अध्ययनरत विद्यार्थीहरुले अनिवार्य सेवा गर्नु पर्ने जनशक्ति तथा पुर्ण वा आंशिक रुपमा गाउँपालिकाको सहयोग प्राप्त गरि छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी

घ) विभिन्न शैक्षिक संस्थाहरु बाट इन्टनसिप (OJT ) विद्यार्थीहरु

ङ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वैच्छिक सेवा उपलब्ध गराउने व्यक्तिहरु

२. अस्पतालको सेवा प्रवाह उपदफा(१) बमोजिमका कर्मचारीबाट प्रदान गर्न जनशक्ति अपुग भएमा गाउँकार्यपालिकाको निर्णय बमोजिम जनशक्ति थप गरि सेवा करारमा नियुक्ति गर्न सकिने छ।

३. सेवा करार वा करार सेवामा नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्दति अनुरुप गाउँपालिकाको विद्यमान कानुन बमोजिम गर्नु पर्ने छ ।

४. अस्पतालमा कार्यरत उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा,शर्त र सुविधा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुने छ ।

५. नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीलाई समितिको सिफारिसमा कार्यपालिका बाट स्वीकृत गरि थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

६. आधारभुत अस्पतालमा रहने जनशक्ति दरबन्दी अनुसूचि (४) बमोजिम हुने छ।गाउँ कार्यपालिकाले समितिको सिफारिसमा जनशक्तिको दरबन्दी संशोधन गर्न सक्ने छ ।

७. गाउँपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरि अस्पताललाई सिफारिस गर्ने छ ।

८. कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्ने छ ।

९. अस्पतालका प्रमुख संग प्रशासकीय अधिकृतले र अन्य कर्मचारी संग अस्पताल प्रमुखले कार्य सम्पादन करार गर्नु पर्ने छ ।

१०. समितिले जनशक्तिको क्षमता अभिवृदिको लागि आवश्यकता अनुसार तालिम तथा प्रशिक्षण गराउने छन ।

११. समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्न सक्ने छ ।

१२. समितिले गाउँपालिका संग समन्वय गरि सरकारी,निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरु संगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्ने छ ।

१४.अभ्यासकर्ता सम्बन्धी व्यवस्था:

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनतम योग्यता पुगि सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीहरुलाई अस्पतालको प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्ने छ ।

## १५.कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधाः

कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा,सुविधा,अतिरिक्त समय,रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानुन बमोजिम तथा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## १६.अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारहरुः

१. अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकार बाट जारी गरिएका आभारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा संचालन गर्ने ।

२. अस्पताल संन्चालनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वय गर्ने ।

३. अस्पताल संन्चालनका लागि बार्षिक वजेट,कार्यक्रम तयार गरि समितिमा पेश गर्ने ।

४. अस्पतालको गुणस्तर कायम राख्न क्षमता अभिवृदि गर्न,स्तर उन्नती गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।

५. अस्पतालको प्रमुख भई प्रशासनिक तथा व्यस्थापकिय कार्यहरु गर्ने ।

६. आवश्यकता अनुसार बैठक बोलाउने।

७. बैठकको निर्णयहरु प्रमाणित गरि सुरक्षित राख्ने ।

## १७.औषधि खरिद,भण्डारण तथा वितरणः

१. गाउँपालिका बाट निःशुल्क वितरण गरिने आवश्यक औषधि गरिद गर्न गाउँपालिकाको स्वास्थ्य शाखालाई सिफारिस गर्ने ।

२. अस्पतालले बार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरि स्वास्थ्य शाखालाई सिफारिस गर्ने ।



धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

३. अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नु पर्ने छ ।

४. अस्पताल फार्मेशी बाट बिक्रि वितरण हुने औषधिको खरिद योजना बनाई समितिको स्वीकृतिमा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद गरि बिक्रि वितरण गर्नु पर्ने छ ।

५. अस्पतालले अस्पतालमा आउने बिरामी संख्या तथा रोगको आधारमा औषधिको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्ने छ।

६. औषधि आपुर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक व्यक्ति लाई तोक्ने छ ।

७. औषधि नष्ट हुन बाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधि भण्डारण गर्नु पर्ने छ ।

८. उपदफा(६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सि श्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपत, मौज्जात दैनिक अभिलेख राख्नु पर्नेछ साथै उपकरणको वितरण दुरुस्त राख्नु पर्ने छ ।

९. स्टोर किपरले खर्च भएर जाने तथा नजाने जिन्सि रजिष्टरको लगत राखि समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नु पर्ने छ।

१०. प्रेस्क्रिप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राहि वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिहरुलाई औषधि दिने व्यक्तिले निम्म बमोजिम जानकारी दिनु पर्ने छ।

क) औषधिको सेवन विधि र मात्रा

ख) औषधिको सेवन विधि

ग) औषधिबाट हुनसक्ने प्रति असर

घ) औषधि सेवन अवधिभर अपनाउनु पर्ने सावधानी

ङ) औषधि सुरक्षित राख्ने स्थान र विधि

११. औषधि वितरण गर्दा औषधि बिक्रिवितरण सम्बन्धी संहिता र औषधि सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

१२. अस्पतालले आपुर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित औषधि उपकरणको वितरण पठाउनु पर्नेछ।

**१८.फार्मेसी संन्चालन गर्नेः**

१. निःशुल्क वितरण तथा अस्पतालमा औषधि बिक्रि वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संन्चालन गर्ने छ।

२. फार्मेसी मार्फत बिक्रि वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्ने छ।

३. फार्मेसी संन्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र फार्मेसी संन्चालन निर्देशिका बमोजिम हुनेछ।

**१९.एम्बुलेन्स संचालन**

१. अस्पतालले आफ्नै श्रोत बाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्ने छ ।

**२०.आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः**

१. अस्पतालले २४ सै घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने छ।

२. अस्पतालमा सम्भव उपचार तत्काल गरि थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्ने छ।

३. अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको वितरण,सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राखु पर्ने छ ।

४. अस्पतालले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवा भित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्ने छ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बिमा भएकाहरूको हकमा सोहि बिमा बाट र बिमा नभएको वा बिमा रकम नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति,निजको अभिभावक,परिवारका सदस्य ,संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

५. अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवा बाट बन्चित गरिने छैन ।अति बिपन्न ,वेवारिसे,तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई

गाउँपालिकाको आकस्मिक उपचार कोष बाट वा अन्य शिर्षक बाट खर्च व्यहोर्ने गरि आकस्मिक सेवा उपलब्ध गराउनु पर्ने छ ।

२१.सेवा व्यवस्थापनः

१. अस्पतालमा प्रशासनिक कार्यालय,ओ.पि.डि, प्रयोगशाला,वार्डहरु,ईमर्जेन्सी,शल्क्रिया कक्ष,फार्मेसी,क्यान्टिन,सोधपुछ, दर्ता चलानी कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्यूनतम भौतिक पुर्वाधार,उपकरण तथा जनशक्तिको व्यवस्थापन हुने छ ।

२. अस्पतालले बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता,विशेषज्ञ परामर्श,निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने छ।

३. अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ब्ध हुने समय तालिका खुल्ने गरि सबैले देख्ने ठाउँमा राख्ने छ।

४. अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक बाट नै प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

५. बिरामीले आफुले सेवा लिन चाहेको बिषयको चिकित्सक बाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्ने छ ।

६. अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मी बाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ।

७. बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग रउपचार पद्दति बारे स्पष्ट जानकारी दिने व्यवस्था हुने छ ।

८. अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुने छ ।सो को नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुने छ ।

९. सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था हुने छ ।

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

१०. अस्पताललले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रमहरू संचालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल ,मापदण्ड,निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुने छ ।

११.अस्पताल हाता भित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हातधुने ठाउँको व्यवस्था हुनेछ ।शौचालय र हातधुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्त्र हुने छ ।

१२. अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहरमैला प्रकृति अनुसार श्रोतमै अलग छुटयाउने,संकलन ,ढुवानी तथा उचित विर्सजन गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

१३. अस्पताल परिसर तथा सेवा दिने कक्षहरु,नियमित रुपमा सफा राखु पर्ने छ ।

१४. अस्पतालमा प्रयोग हुने एप्रोन,पन्जा,टोपी ,जुत्ता,तन्ना,तकिया,खोल,रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था हुने छ ।

१५. अस्पताल हाता भित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधायुत्त क्यान्टिनको व्यवस्था हुने छ ।

१६. अस्पतालको भवन ,सवारी साधन ,मेसिनरी औजार यन्त्र,उपकरण,विद्युतिय उपकरण उपकरणको नियमित मर्मत सम्भार गर्ने व्यवस्था हुने छ ।

१७. अस्पताल क्षेत्र भित्र र सबै बिभागहरुमा चौबीसै घण्टा विद्युत आपुर्ति र अटोमेटिक व्याकअप सिस्टमको व्यवस्था मिलाएको हुनु पर्ने छ।

१८. अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौविसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपुर्ति हुने छ ।

१९. आपतकालिन व्यवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डारण कक्ष हुनु पर्ने छ।यस्तो भण्डारणमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामाग्रीहरू मौज्दात राख्ने व्यवस्था हुने छ ।

२०. अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको हुने छ ।

२१. अस्पतालमा विभिन्न शाखा तथा इकाईहरू बाट प्रदान गर्ने स्वस्थ्य सेवाहरु गुणस्तरीय रुपमा संचालन गर्न समितिले छुट्टै कार्य संचालन निर्देशिका तयार गरि लागू गर्न सक्ने छ ।

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

२२. अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय वेवारिसे बिरामीका लागि कूल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुने छ ।थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुने छ ।

२३. अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्थापन हुनु पर्ने छ।

२४. उपदफा (२२) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखि गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने व्यवस्था हुने छ ।

२५. अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक ,बालबालिका र अपाङतामैत्री हुनु पर्ने छ साथै अस्पतालमा ह्वीलचियर ,ट्रली स्ट्रेचर राखु पर्नेछ र त्यस्ता साम्रगीहरु सेवाग्राहीले सहज रुपमा देखे ठाउँमा राखे व्यवस्था गर्नु पर्ने छ।

२६. स्वास्थ्य सेवा संचालन र पुर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन,मापदण्ड र प्रोटोकल बमोजम गर्नु पर्ने छ।

## परिच्छेद ५

## सुचना,अभिलेखीकरण गुनासो व्यवस्थापन

### २२.अस्पताल सूचना प्रणाली:

१. अस्पताल बाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पूर्ण तथ्याङकहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नु पर्ने छ ।

२. अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना गाउँपालिका,प्रदेश तथा संघको सम्बन्धित निकायहरुमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्ने छ।

३. अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखिकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुने छ ।

४. बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क प्रकिया तथा अवधि समेत खुलाएको अनुसूची १ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागका देखिने गरि राखु पर्ने छ ।सोहि अनुरुप सेवाहरु सुनिश्चितता गर्नु पर्ने छ।

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

५. अस्पतालमा आउने बिरामीहरुलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्ने छ।

६. एम्बुलेन्स र प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवा टेलिफोन नम्बरहरु स्पष्ट रुपमा देखिने गरि राख्नु पर्ने छ।

७. अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवका बारेमा समय समयमा अस्पतालले जनजेतनामुलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउने छ ।

८. अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नु पर्ने छ।

९. अस्पताले स्वास्थ्य सम्बन्धि तथ्यांक नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित DHIS- 2 मा प्रविष्ट गर्नु पर्ने छ।

१०. अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेका स्वास्थ्य सम्बन्धि व्यक्तिगत सुचना ,कागजात,जानकारी,तथ्यांक तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पतालमा कार्यरत कर्मचारीहरूको कर्तव्य हुने छ।

२३.गुनासो व्यवस्थापनः

१. अस्पतालले सबैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२. अस्पतालले स्वास्थ्य सेवा सम्बन्धि गुनासो,उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ।

२४.प्रेषण सम्बन्धि व्यवस्थाः

१. उपचारको लागि आएका बिरामीलाई उपयुक्त कारणले प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले उपलब्ध भएको सेवा प्रदान गरि थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्ने छ। तर अस्पतालमा उक्त सेवा माथिल्लो जनशक्त्ति र उपचार हुन सक्ने अवस्था हुदाहुदै प्रेषण गर्न पाईने छैन ।

२. बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरि विवरण अद्यावधिक राख्नु पर्नेछ।



धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

३. प्रेषण गर्दा गर्भवति महिला,गम्भिर अवस्थाका बिरामी, बिपन्न नागरिक,मुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

४. प्रेषण भएका बिरामीहरुको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ।

५. अस्पतालमा प्रेषण भई आएका बिरामी डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जी सहित डिस्चार्ज गरि सो को विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

६. उपदफा(५) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरु उल्लेख गरि अनुसूची २ बमोजिमको डिस्चार्ज सारांश दिनु पर्नेछ ।

## परिच्छेद ६

## विविध

**२५.अस्पतालको छापः** अस्पतालको सम्पूर्ण कामकारवाहीको निमित एउटा छुट्टै छाप हुने छ । छापको नमुना र आकार अनुसूची ३ मा उल्लेख भए बमोजिम हुने छ ।

**२६.अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै संगठन संरचना हुने छ।संगठन संरचना प्रचलित कानुन बमोजिम गाउँपालिकाले निर्धारण गर्ने छ।

**२७.वार्षिक प्रतिवेदन पेशः** समितिले बर्ष भरिको कामकार्वाहीको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ ।

**२८.निर्देशन पालना गर्नु पर्नेः** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुने छ ।

**२९. साझेदारी गर्न सक्नेः** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्ती ,सरसफाई तथा फोहोर व्यवस्थापन,क्यान्टिन,सुरक्षा व्यवस्था,लन्ड्री,एम्बुलेन्स तथा शव वाहन सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउँपालिकासंग समन्वय गरि आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक,निजि तथा गैरसरकारी निकाय वा संस्था संग सम्झौता वा साझेदारीमा गर्न सक्ने छ ।

**३०. अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष,उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्ने छ।

**३१.थप दायित्व सिर्जना गर्न नहुने**: कार्यपालिकाको स्वीकृती विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरि दायित्व सृजना गर्नु हुदैन ।

**३२.व्याख्या गर्ने अधिकार**: यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भई कार्यन्वयनमा बाधा आई परेमा गाउँ कार्यपालिकाले सो को व्याख्या गर्ने छ।

**३३.कार्यविधिको पालना गर्नु पर्ने**: यस कार्यविधिको पालान गर्नु सेवाग्राही,नागरिक,समिति र अस्पतालको दायित्व हुने छ।

**३५.प्रचलित कानुन बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख भएका बिषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुने छन।

**३६. संशोधन**: यस कार्यविधिमा उल्लेख भएका विषयहरु संशोधन गर्नु परेमा कार्यपालिका बाट संशोधन हुने छ ।

अनुसूची १

दफा २२ को उपदफा ४ संग सम्बन्धित

अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा

| क.सं. | शाखा / वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|

अनुसुचि २

दफा २४ को उपदफा ६ संग सम्बन्धित

डिस्चार्ज फाराम

| मार्मा आधारभुत अस्पताल | |
|---|---|
| बिरामीको नामः | उमेरः |
| बिरामीको ठेगानाः | सम्पर्क नं. |
| अस्पतालको वार्डः | युनिटः |
| बिरामिको परिचयपत्र नं./दर्ता नं. | मितिः |
| समस्याहरुः ........................................................<br>.......................................................................... | |
| परीक्षण विवरणः .......................................................................... | |
| उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रक्रिया र पद्दति<br>............................................................................................ | |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः<br>भर्ना भएको मिति र समयः ............ ................. | |

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत